// नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, पुस ३ गते २०६३ साल (संख्या ३३

## भाग ३

### नेपाल सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूचीमा:-

१. खण्ड ४ को उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपेको छ:-
"(घ) प्रोडक्सन इन्जिनियरिङ्ग"

२. खण्ड १६. को सट्टा देहायको खण्ड १६ राखेको छ:-
"१६, टेक्सटाइल इन्जिनियरिङ्ग
—इलेक्ट्रोनिक्स एण्ड कम्प्यूटर साइन्स"

३ खण्ड २० को सट्टा देहायको खण्ड २० राखेको छ:-
"२०. ईण्डष्ट्रियल इन्जिनियरिङ्ग
—इण्डष्ट्रियल एण्ड प्रोडक्सन इन्जिनियरिङ्ग"

४. खण्ड ३२ को सट्टा देहायको खण्ड ३२ राखिएको छ:-
"३२. इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग
—इलेक्ट्रोनिक्स एण्ड पावर"

५. खण्ड ३३ को सट्टा देहायको खण्ड ३३ राखेको छ:-
"३३. इलेक्ट्रोनिक इन्जिनियरिङ्ग
—इलेक्ट्रोनिक्स एण्ड इन्स्टमेन्टेशन"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. खण्ड ३४ पछि देहायको खण्ड ३५,३६,३७,३८,३९,४०,४१,४२ थपेको छः–

"३५. म्यानुफ्याक्चरिङ्ग साइन्स एण्ड इन्जिनियरिङ्ग

३६. इलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग

३७. साउण्ड एण्ड भिडियो इन्जिनियरिङ्ग

—साउण्ड ईन्जिनियरिङ्ग

३८. इण्डष्ट्रियल इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग

३९. सफ्टवयर इन्जिनियरिङ्ग

४०. इन्स्टुमेन्टेशन इन्जिनियरिङ्ग

४१. इन्फरमेसन टेक्नोलोजी

—इन्फरमेसन साइन्स एण्ड इन्जिनियरिङ्ग

४२. बायोमेडिकल इन्जिनियरिङ्ग"

आज्ञाले,
नारायणप्रसाद सिलवाल
नेपाल सरकारको सचिव

## नेपाल सरकार
### अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भै कालीकोट र खोटाङ जिल्लामा कार्यरत Medecins Sans Frontieres (MSF) Nepal को लागि MSF Holland बाट उपहार स्वरुप प्रदान गरिने युरो १५,३३५.१४ (पन्ध्रहजार तीनसय पैंतीस र सेण्ट चौध) मूल्य बराबरको औषधी र स्वास्थ्य सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।–
मो. हु. द. न. १६।०६२।६३

६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।